नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
त्रिपुरेश्वर, काठमाण्डौं

प.सं.: ०७३/७४ मिति: २०७४/०२/१६

च.नं.: ५१८

श्री जिल्ला युवा समितिको कार्यालय,
७५ वटै ।

विषय :- युवा प्रतिभा पहिचान (Youth Talent Hunt) कार्यक्रम सञ्चालन सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७३/०७४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्लास्तरमा सञ्चालन गर्नुपर्ने युवा प्रतिभा पहिचान (Youth Talent Hunt) कार्यक्रम राष्ट्रिय युवा परिषद्को वेबसाइटमा प्रकाशित निर्देशन अनुसार गर्नुहुन अनुरोध छ ।

मुक्तिसिंह ठकुरी
(सहसचिव)
प्रशासकीय प्रमुख

"समृद्ध नेपाल निर्माणका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा"

वेवसाईटः www.nyc.gov.np, ईमेलः info@nyc.gov.np,
☎+977-1-4262465 (उपाध्यक्ष), ☎+977-1-4254776 (प्रशासकीय प्रमुख), ☎+977-1-4253829 (सहायक कक्ष)

# युवा प्रतिभा पहिचान (Youth Talent Hunt) कार्यक्रम सञ्चालनका लागि जिल्ला युवा समितिको कार्यालयलाई निर्देशन

राष्ट्रिय युवा परिषद्-नेपाल
त्रिपुरेश्वर, काठमाडौं

राष्ट्रका प्रतिभावान युवा र युवाको हक हितको संरक्षण र सम्वर्द्धन तथा विकासको क्षेत्रमा सक्रिय युवा वा युवा समूहलाई अभिप्रेरित गर्न, उनीहरूमा रहेको प्रतिभा एवम् सिर्जनशीलताको कदर गर्दै युवामा सकारात्मक सोच एवम् रचनात्मक क्षमताको विकास गर्न आ.व. २०७३/०७४ को स्वीकृत कार्यक्रम युवा प्रतिभा पहिचान (Youth Talent Hunt) कार्यक्रमलाई निम्नानुसार सञ्चालन तथा व्यवस्थापन गरी प्रभावकारी, व्यवस्थित र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न गराउन हुन अनुरोध छ ।

१. **युवा प्रतिभा पहिचानको क्षेत्र** : देहायका क्षेत्रहरूमध्ये कुनै एउटा क्षेत्र छनोट गरी उत्कृष्ट कार्य गर्ने युवा वा युवा समुहलाई युवा प्रतिभा पहिचान गरी प्रोत्साहन गर्नुपर्नेछ :-
   - क. लेखन (युवाको क्षेत्रमा उपयोगी कविता, निबन्ध, परियोजना प्रस्तावना आदि)
   - ख. सङ्गीत (युवाको क्षेत्रमा उपयोगी सङ्गीत, गायन, नृत्य आदि)
   - ग. कला (चित्रकला, मूर्तिकला, अभिनय आदि)
   - घ. अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य
   - ङ. वैज्ञानिक आविष्कार, सूचना प्रविधि र सञ्चार (वैज्ञानिक अनुसन्धार, यन्त्र तथा उपकरण निर्माण, युवा उपयोगी मोबाइल एप्स, कम्प्युटर सफ्टवेयर्स निर्माण, यन्त्र उपकरणको निर्माण/सुधार/परिमार्जन/प्रयोग, प्रविधिको अन्वेषण, आविष्कार आदि कार्य)

२. **छनौटका लागि सहभागी हुने आधारहरू** : उल्लेखित क्षेत्रहरूमध्ये कुनै क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने युवा वा युवा समूहलाई युवा प्रतिभा सम्मानका लागि छनौट गर्न देहायका आधारहरू पूरा गरेको हुनुपर्नेछ :-
   - (१) १६ देखि ४० वर्ष उमेर समूह भित्रको
   - (२) नेपाली नागरिक
   - (३) तोकिएको ढाँचा र मितिभित्र निवेदन दिएको

३. **छनौटका प्रक्रिया** : युवा प्रतिभा पहिचान गर्नका लागि विभिन्न माध्यमबाट विवरण सङ्कलन गर्न सकिनेछ :-
   - (१) व्यक्ति वा समूहबाट निवेदन माग गर्दा सरोकारवालाहरूको जानकारीका निमित्त सार्वजनिक सूचना प्रकाशन गरी जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वयसमितिको कार्यालय, महिला तथा बालबालिका कार्यालयका साथै अन्य सरकारी कार्यालयहरूमा सूचना टाँस गरी सार्वजनिक सञ्चार माध्यमहरूमा प्रचारप्रशार समेत गर्नुपर्नेछ ।
   - (२) सूचना अनुसार कुनै युवा वा युवा समूहले युवा प्रतिभा पहिचानका लागि आवेदन गर्न चाहेमा सोही सूचनामा उल्लेखित म्यादभित्र तोकिएको ढाँचामा निवेदन सङ्कलन गर्नुपर्नेछ ।

४. **युवा प्रतिभा पहिचानका लागि मूल्याङ्कन प्रक्रिया** : प्राप्त निवेदन जाँचबुझ गरी युवा प्रतिभा पहिचानमा छनौट गर्न देहायको प्रक्रिया अपनाउनु पर्नेछ :-



उपसचिव

मुक्तिसिंह ठकुरी
प्रशासकीय प्रमुख
(सहसचिव)

(१) कुनै व्यक्ति वा समूहको सम्बन्धमा केही कुरा पूरा नभई आवश्यक विवरण प्राप्त गर्न पर्ने भएमा निवेदकसँग सम्पर्क गर्न सकिनेछ।

(२) सम्बन्धित जिल्ला युवा समितिले जिल्ला स्तरीय युवा प्रतिभा पहिचान समितिको काम गर्नेछ, आवश्यकतानुसार सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गर्नुपर्नेछ । जिल्ला युवा समितिको अध्यक्ष नभएको जिल्लाको हकमा कार्यालय प्रमुखले समितिको संयोजक भई काम गर्नुपर्नेछ ।

(३) युवा प्रतिभा पहिचान छनौट समितिले प्रतिभा सम्मान प्रदान गर्ने सम्बन्धमा यस निर्देशनमा उल्लेख भएबाहेक अन्य कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(४) युवा प्रतिभा पहिचान छनौट समितिको वैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गर्नेछ ।

(५) उपर्युक्त अनुसार आवेदन गर्ने युवा वा युवा समूहलाई देहायका आधारहरूमा मूल्याङ्कन गर्नुपर्ने छ । विषयक्षेत्रको आवश्यकता अनुसार समितिले अन्य आधारहरू समेत तयार पारी मूल्याङ्कन गर्न सक्ने छ ।

| मूल्याङ्कनका आधारहरू | अङ्क |
|---|---|
| क. नवीनता | २० |
| ख. शृजनशीलता र मौलिकता | २० |
| ग. समाजमा पर्ने योगदान/सकारात्मक प्रभाव | २० |
| घ. प्रतिभाले भौगोलिक/सांस्कृतिक/आर्थिक क्षेत्रमा गर्नसक्ने योगदान | २० |
| ङ. विशेष प्राथमिकता समूह (महिला/पिछडिएको क्षेत्र/वर्ग) मा पार्ने सकारात्मक प्रभाव | १० |
| च. प्रस्तुति | १० |
| जम्मा | १०० |

५. **युवा प्रतिभा सम्मान कार्यक्रमको बजेट व्यवस्था तथा सम्मान :** जिल्ला युवा समितिलाई प्राप्त बजेटको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । स्थानीय तह, सङ्घसंस्था, व्यक्तिहरूसँगको सहकार्यमा स्रोत जुटाई कार्यक्रम सञ्चालन गर्न सकिने छ । युवा प्रतिभा पहिचानमा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने उत्कृष्ठ प्रतिभाहरूलाई सम्मान पत्र सहित कूल बजेटको चालिस प्रतिसतबाट नघट्नेगरी नगद पुरस्कार व्यवस्था गर्नुपर्नेछ ।

६. **केन्द्रस्तरमा सञ्चालन हुने युवा प्रतिभा पहिचान :** १६ देखि ४० वर्ष उमेर समूह भित्रको युवा प्रतिभाहरूको खोजी तथा सम्मान गर्न राष्ट्रिय युवा परिषद्ले सूचना प्रकाशित गर्नेछ । सो सूचना अनुसार आवेदन गर्नेहरूका बीच प्रतिस्पर्धा गराई सम्मान गरिनेछ । २०७४ असार अन्तिम हसामा केन्द्रस्तरमा कार्यक्रम सञ्चालन गरिनेछ । परिषदबाट सूचना प्रकाशित भएपछि सोको जानकारी समेत जिल्लास्तरमा सम्प्रेषण गर्नु पर्नेछ ।



उपसचिव

सिंह ठकुरी
प्रशासकीय प्रमुख
(सहसचिव)

७. अन्य : जिल्ला युवा समितिहरूले २०७४ असार १५ गते सम्ममा कार्यक्रम सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन २०७४ असार २० गते भित्र यस परिषदमा सम्प्रेषण गरी प्रतिवेदनको सफ्टकपी jeevangirilg@gmail.com मा पठाउनु पर्नेछ ।

८. युवा प्रतिभा सम्मानका लागि निवेदनको ढाँचा

मिति :- २०७४/..../....

श्री जिल्ला युवा समितिको कार्यालय,

.......................... ।

विषय :- युवा प्रतिभाबाट सम्मानित गरिपाऊँ ।

उपर्युक्त सम्बन्धमा मैले/हामीले देहायको क्षेत्रमा देहाय बमोजिमको उत्कृष्ट कार्य/योगदान गरेको हुनाले त्यस कार्यालयबाट वार्षिक रूपमा प्रदान गरिने युवा प्रतिभा पहिचानबाट सम्मानित गरी पाउन तपसिल अनुसारको विवरण तथा निम्नलिखित कागजातहरू संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं।

व्यक्तिगत विवरण :-

निवेदन पेश गरेको उत्कृष्ट कार्यको क्षेत्र : कुनै एकमा ठीक (v) चिन्ह लगाउनुहोस् ।

- क. लेखन (युवाको क्षेत्रमा उपयोगी कविता, निबन्ध, परियोजना प्रस्तावना आदि)
- ख. सङ्गीत (युवाको क्षेत्रमा उपयोगी सङ्गीत, गायन, नृत्य आदि)
- ग. कला (चित्रकला, मूर्तिकला, अभिनय आदि)
- घ. अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य
- ङ. वैज्ञानिक आविष्कार, सूचना प्रविधि र सञ्चार (वैज्ञानिक अनुसन्धार, यन्त्र तथा उपकरण निर्माण, युवा उपयोगी मोबाइल एप्स, कम्प्युटर सफ्टवेयर्स निर्माण, यन्त्र उपकरणको निर्माण/सुधार/परिमार्जन/प्रयोग, प्रविधिको अन्वेषण, आविष्कार आदि कार्य)

**व्यक्तिगत निवेदकका लागि**

निवेदकको नाम, थर : .......................................... दस्तखत : ....................    [हालसालै खिचेको फोटो]

निवेदकको ठेगाना :

स्थायी : जिल्ला ................., गा.पा./नगरपालिका ................, वडा नं ......., टोल ..................

अस्थायी : जिल्ला ..............., गा.पा./नगरपालिका ................, वडा नं ......., टोल ..................

सम्पर्क : फोन नं. : .................................. इमेल : ....................................................

**सामुहिक निवेदकका लागि**

निवेदकहरूको ठेगाना तथा अन्य विवरण :

| क.सं. | नाम, थर | जिल्ला | गा.पा./न.पा. | वडा | टोल | फोन/मोबाइल नं. | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ... | | | | | | | |

-०-



उपसचिव

मुक्तिसिंह ठकुरी
प्रशासकीय प्रमुख
(सहसचिव)